apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



● वर्ष: १२ ● अंक: ३०९ ● पृष्ठ: ४ ● ०७ मंसिर २०८३ सोमबार (23 November 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

हिजो भारतमा भविष्य खोज्दै पढेका बालेन, आज नेपालको भविष्य बोकेर दिल्लीमा

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०६ गते

एक दशकअघि उच्च शिक्षा हासिल गर्ने सपना बोकेर भारतको बैंग्लुर पुगेका बालेन्द्र शाह आज नेपालको प्रधानमन्त्रीको हैसियतमा दुईदिने राजकीय भ्रमणका लागि भारतको राजधानी नयाँदिल्लीमा छन्।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा पहिलो द्विपक्षीय विदेश भ्रमणका लागि आइतबार नयाँदिल्ली पुगेका ३६ वर्षीय प्रधानमन्त्री शाहले भ्रमणको पहिलो दिन नै उच्चस्तरीय कूटनीतिक भेटवार्ता सुरु गरिसकेका छन्।

आइतबार साँझ प्रधानमन्त्री शाह र भारतीय विदेशमन्त्री डा. एस. जयशंकरबीच नयाँदिल्लीस्थित होटल ताजमा शिष्टाचार भेटवार्ता भएको छ।

सोमबार उनले भारतीय समकक्षी मोदीसँग द्विपक्षीय वार्ता, राष्ट्रपति द्रौपदी मुर्मूसँग शिष्टाचार भेट, नेपाल-भारत बिजनेस फोरममा सहभागिता तथा जनकपुरधाम-अयोध्या सीधा रेल सेवाको उद्घाटनलगायत महत्वपूर्ण कार्यक्रममा सहभागिता जनाउनेछन्।

सन् २०१६ देखि २०१८ सम्म भारतको कर्नाटक राज्यस्थित



बैंग्लुरको येलहंकामा रहेको निट्टे मिनाक्षी इन्स्टिच्युट अफ टेक्नोलोजी (एनएमआईटी) मा स्ट्रक्चरल इन्जिनियरिङमा स्नातकोत्तर (एमटेक) अध्ययन गरेका शाहका लागि भारत नौलो भूमि होइन।

काठमाडौंस्थित हिमालयन ह्वाइटहाउस इन्टरनेसनल कलेजबाट सिभिल इन्जिनियरिङमा स्नातक (बीई) पूरा गरेपछि उनी उच्च शिक्षाका लागि बैंग्लुर पुगेका थिए। त्यतिबेला उक्त कलेज विश्वेश्वरैया प्राविधिक विश्वविद्यालय (भीटीयू), बेलगावीसँग आबद्ध थियो।

शाहको बैंग्लुरसँगको साइनो पारिवारिक सम्बन्धबाट जोडिएको थियो। उनकी दिदी सुजाताले कर्नाटकको कारवारनजिकैको सेजेकन गाउँका हरिशकुमार सेजेकनसँग विवाह गरेर बैंग्लुरमै बसोबास गरेपछि शाहले स्नातकोत्तर अध्ययनका लागि उक्त सहर रोजेका थिए।

कलेजको पहिलो स्वायत्त ब्याचमा रहेका २४ जना विद्यार्थीमध्ये शाह विशिष्ट श्रेणी सहित उत्तीर्ण भएका थिए। उनीसँगै नेपालबाट सुनील लम्साल र प्रवीण श्रेष्ठ पनि सोही ब्याचमा भर्ना भई छात्रावासमा सँगै बस्थे।

भारतीय पत्रिका 'द टाइम्स अफ इन्डिया' सँगको कुराकानीमा उनका भिनाजु हरिशकुमार सेजेकनले बैंग्लुरमा शाहको विद्यार्थी जीवन अत्यन्त सरल रहेको बताएका छन्।

उनका अनुसार शाह कलेज जाँदा कहिले विश्वविद्यालयको बस, कहिले स्थानीय बीएमटीसी बस त कहिले भिनाजुकै स्कुटर चढ्थे। पछि भिनाजुले कार किनेपछि, कहिलेकाहीं कारसमेत प्रयोग गर्ने गरेका शाहले यातायात वा सुविधाबारे कहिल्यै गुनासो नगरेको हरिशले सम्झिएका छन्।

बैंग्लुर बसाइका क्रममा शाहमा दक्षिण भारतीय परिकार, विशेषगरी इडली, डोसा र परम्परागत भोजनप्रति रुचि बढेको थियो। त्यतिमात्र होइन, उनले स्थानीय कन्नड भाषा र संस्कृतिप्रति सम्मान देखाउँदै कन्नड भाषा सिकेका थिए।

कन्नड चलचित्र हेर्ने र अभिनेता पुनीत राजकुमारका प्रशंसक रहेका शाह शुद्ध कन्नड बोल्ने प्रयास गर्थे र

बाँकी पृष्ठ ३ ▸▸

होटलमा जुवातास खेलिरहेको अवस्थामा १० जना पक्राउ

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०६ गते



सिरहाको सिरहा नगरपालिका-७ स्थित एक होटलमा जुवातास खेलिरहेको अवस्थामा प्रहरीले १० जनालाई पक्राउ गरेको छ।

शनिबार राति करिब १० बजे ताज होटलमा केही व्यक्ति जुवातास खेलिरहेको भन्ने गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सिरहाबाट प्रहरी निरीक्षकको कमान्डमा खटिएको टोलीले छापा मारेको थियो।

प्रहरी टोलीले जुवातास खेलिरहेको अवस्थामा नगद, तास र विभिन्न कम्पनीका १० थान मोबाइल फोनसहित उनीहरूलाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा सिरहाको अर्नमा गाउँपालिका-८ रडिया टोलका ३५ वर्षीय रामकुमार यादव, सिरहा नगरपालिका-७ शिवचोकका ३५ वर्षीय सन्तोषकुमार साह र सोही वडाका ४६ वर्षीय खेमविक्रम थापा रहेका छन्। त्यस्तै, सिरहा नगरपालिका-१८ लक्ष्मीनिया टोलका ३५ वर्षीय रामसेवक मण्डल र ३१ वर्षीय सञ्जितकुमार मण्डल, सिरहा नगरपालिका-१ का ४२ वर्षीय अरुणकुमार यादव तथा सिरहा नगरपालिका-२ का ३६ वर्षीय राकेशकुमार यादव, ४२ वर्षीय दिनेशकुमार यादव र ३९ वर्षीय काशी राय पक्राउ परेका छन्। पक्राउ पर्नेमा भारतको पश्चिम बंगाल, मिदनापुर जिल्लाको दासपुर थाना क्षेत्रका ४४ वर्षीय सपन रोय पनि रहेका छन्।

प्रहरीका अनुसार उनीहरूको साथबाट नेपाली रुपैयाँ एक लाख सात हजार सात सय १०, भारतीय रुपैयाँ एक हजार एक सय २०, विभिन्न कम्पनीका १० थान मोबाइल फोन, नयाँ तासका १३ बण्डल र खुला २१४ पत्ती तास बरामद गरिएको छ।

पक्राउ परेका १० जनालाई बरामद नगद तथा सामानसहित जिल्ला प्रहरी कार्यालय सिरहामा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

भूमि प्रशासन हाताभित्र रहेको लेखपढीको घर-संरचना भत्काइयो



अपन दैनिक संवाददाता
राजविराज, मंसिर ०६ गते

भूमि प्रशासन कार्यालय (मालपोत) राजविराजको हाताभित्र अतिक्रमण गरी लेखापढी व्यवसायीले निर्माण गरेको घरसहितका संरचना आइतबार साँझ हटाइएको छ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाको उपस्थितिमा राजविराज नगरपालिकाका नगरप्रहरी र डोजरको सहयोगमा भूमि प्रशासनले आफ्नो हाताभित्र बनाइएका संरचना हटाएको हो। यसले प्रत्यक्ष रूपमा कार्यालयभित्र हुने बिचौलियाको पहुँच बन्द हुने अपेक्षा गरिएको प्रमुख जिल्ला अधिकारी थापाले बताए।

यस्तै, राजविराज नगरपालिकाले अड्डा लाइनसहित नगर क्षेत्रको अतिक्रमण गरिएको फुटपाथ खाली गराउने कामलाई निरन्तरता दिएको जनाएको छ। कार्यवाहक नगरप्रमुख

बाँकी पृष्ठ ३ ▸▸

मधेश प्रदेशमा सहमतिको सरकार गठनको पहल गर्छु : मुख्यमन्त्री यादव

अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०६ गते

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले सहमतिको सरकार गठनको पहल गर्ने बताएका छन्। त्यसका लागि दलहरुसँग छलफल गर्ने उनले बताए।

आइतबार मुख्यमन्त्री पदको शपथ ग्रहणपछि पत्रकारहरुको जिज्ञासामा उनले सबै दलको सहमतिमा सरकार विस्तार गर्ने बताए। 'सबै दललाई फेरि मिलाएर सहमतिको सरकार बनाएर राम्रो काम गर्ने,' उनले भने।

उनले मन्त्रिपरिषद् विस्तार र विश्वासको मत लिने विषयमा सोमबारदेखि नै सबै राजनीतिक दलसँग छलफल गर्ने जानकारी दिए। आफूले यसअघि पहिलोपटक विश्वासको मत लिँदा सबै दलको



समर्थन प्राप्त गरेको उल्लेख गर्दै उनले यसपटक पनि सबै दलबाट विश्वासको मत लिएर सरकारलाई अगाडि बढाउन प्रयास गर्ने बताए।

पहिलेको तुलनामा सरकारको गति पनि बढाउने उनले बताए। 'मेरो प्रथम

बाँकी पृष्ठ ४ ▸▸

कमला नदीमा भव्य 'देवता मेला' लाग्दै, धामी झाँक्रीसहित लाखौं भक्तजन कमला स्नान गर्ने



अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०६ गते

मिथिलाको विशिष्ट धार्मिक तथा सांस्कृतिक परम्पराका रूपमा रहेको कमला नदीको देव मेला यस वर्ष मंगलबार लाग्ने भएको छ। कार्तिक शुक्ल पूर्णिमाको अवसरमा सिरहा र धनुषाको सीमा भएर बग्ने कमला नदीका विभिन्न घाटमा देव मेला आयोजना हुनेछ।

यस वर्ष अंग्रेजी मिति नोभेम्बर २४ अर्थात् मंसिर ८ गते कार्तिक पूर्णिमा परेको छ।

हरेक वर्ष कार्तिक पूर्णिमाका दिन लाग्ने यस मेलामा सिरहा, धनुषा, महोत्तरी, सर्लाही, सप्तरीलगायत मधेशका विभिन्न जिल्लाका साथै भारतका सीमावर्ती क्षेत्रबाट समेत धामी, झाँक्री, भगता र श्रद्धालुहरू सहभागी हुने गर्छन्।

मेलामा कमला नदीमा स्नान

बाँकी पृष्ठ ३ ▸▸

मानव अधिकारको सम्मान गरौं

- मानव अधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- मानव अधिकारको उल्लंघन भएमा सम्बन्धित निकायमा उजुरी गरौं।



नेपाल सरकार
विज्ञापन बोर्ड

ट्रयाक्टरको फल्स बटममा लुकाइएको ७२ किलो गाँजासहित चालक पक्राउ



अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०६ गते

सिरहामा ट्रयाक्टरको टुल बक्स र ट्रेलरमा फल्स बटम बनाई लुकाएर लैजाँदै गरेको ७२ किलो गाँजाजस्तो देखिने पदार्थसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

मंसिर ५ गते (शनिबार) राति करिब ९:३० बजे सिरहा नगरपालिका-१

बाँकी पृष्ठ ४ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

प्रधानमन्त्रीको भारत भ्रमण र बलियो सम्बन्ध आम अपेक्षा

नेपालका प्रधानमन्त्री बालेन्द्र शाह -बालेन) आफ्नो पहिलो राजकीय भ्रमणका क्रममा छिमेकी मुलुक भारत पुगेका छन्। सरकार प्रमुखको जिम्मेवारी सम्हालेपछि उनको यो पहिलो राजकीय भ्रमण हो। यो आफैंमा महत्वपूर्ण राजनीतिक र कूटनीतिक घटना हो। यसअघि संयुक्त राष्ट्रसंघको महासभामा सम्बोधन गर्न अमेरिका पुगेका प्रधानमन्त्रीको भारत भ्रमणलाई भने विशेष अर्थका साथ हेरिएको छ। नेपाल र भारतबीचको ऐतिहासिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक सम्बन्धका कारण पनि यो भ्रमणलाई औपचारिक कूटनीतिक यात्रामा सीमित भएको भन्न सकिदैन्। यो नेपालको बदलिँदो राजनीतिक परिस्थिति, जनताको नयाँ अपेक्षा र राष्ट्रिय स्वाभिमानलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने महत्वपूर्ण अवसर हो। जेन-जी आन्दोलनपछि सम्पन्न निर्वाचनबाट गठन भएको नयाँ सरकारको नेतृत्व प्रधानमन्त्री बालेनले गरिरहेका छन्। पुरानो राजनीतिक संस्कार, सत्ता सञ्चालनको परम्परागत शैली र असफल कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै नेपाली जनताले परिवर्तनको पक्षमा आफ्नो मत जाहेर गरेका हुन्। त्यसैले बालेन सरकारप्रति आम नागरिकको आशा र अपेक्षा स्वाभाविक रूपमा उच्च छ। देशभित्र मात्र होइन, विदेशमा रहेका नेपाली समुदाय, युवा पुस्ता तथा विभिन्न राजनीतिक र सामाजिक समूहले पनि उनको नेतृत्वबाट नयाँ राजनीतिक संस्कारको अपेक्षा गरेका छन्। यस्तो अवस्थामा भारत भ्रमणलाई प्रधानमन्त्रीको व्यक्तिगत कूटनीतिक उपलब्धिका रूपमा मात्र नभई नयाँ नेपालको सम्भावना र सामर्थ्य प्रदर्शन गर्ने अवसरका रूपमा लिनुपर्छ।

नेपाल र भारतबीचको सम्बन्ध बहुआयामिक छ। खुला सीमा, धार्मिक तथा सांस्कृतिक निकटता, व्यापार, पारवहन, ऊर्जा, पर्यटन, शिक्षा र रोजगारीका क्षेत्रमा दुई देश एकअर्कासँग गहिरो रूपमा जोडिएका छन्। तर यति घनिष्ठ सम्बन्ध हुँदाहुँदै पनि विगतमा सीमा विवाद, असमान व्यापार सम्बन्ध, पारवहन समस्या, राजनीतिक हस्तक्षेपको अनुभूति र आपसी अविश्वासजस्ता विषयले सम्बन्धलाई पटकपटक प्रभावित बनाएका छन्। त्यसैले प्रधानमन्त्री बालेनको भारत भ्रमणले विगतका समस्यालाई दोहोऱ्याउने होइन, तिनको समाधान खोज्ने नयाँ आधार तयार गर्न सक्नुपर्छ। नेपालले भारतसँगको सम्बन्धलाई न त अनावश्यक रूपमा तनावपूर्ण बनाउनुपर्छ, न त राष्ट्रिय हित र स्वाभिमानलाई कमजोर पारेर अघि बढ्नुपर्छ। कूटनीतिक सम्बन्धमा मित्रता र सम्मान दुवै आवश्यक हुन्छन्। दुई देशबीचको सम्बन्ध समानता, पारस्परिक लाभ, विश्वास र एकअर्काको सार्वभौमिकताको सम्मानमा आधारित हुनुपर्छ। प्रधानमन्त्रीले यही सन्देश स्पष्ट रूपमा दिन सक्नुपर्छ। नेपालको भूमि, सीमा र राष्ट्रिय हितसँग जोडिएका विषयमा स्पष्ट अडान राख्दै आर्थिक सहकार्यका सम्भावनालाई विस्तार गर्नु नै परिपक्व कूटनीतिको परिचय हुनेछ। यस भ्रमणमा विशेष प्राथमिकताका साथ उठाउनुपर्ने विषयमध्ये सीमा समस्या, व्यापार घाटा, जलविद्युत् निर्यात, कृषि उत्पादनको सहज बजार पहुँच, लगानी, पूर्वाधार निर्माण र रोजगारी सिर्जना महत्वपूर्ण छन्। विशेषगरी नेपालको जलस्रोतलाई आर्थिक समृद्धिको आधार बनाउन भारतसँग दीर्घकालीन ऊर्जा सहकार्य आवश्यक छ। नेपाली उत्पादनले भारतीय बजारमा सहज पहुँच पाउने वातावरण निर्माण गर्न पनि प्रधानमन्त्रीले ठोस पहल गर्नुपर्छ। सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकका समस्या, आवतजावतको सहजता र सीमा व्यवस्थापनका विषयमा समेत व्यावहारिक समझदारी आवश्यक छ।

विदेशमा रहेका नेपाली समुदायको अपेक्षालाई पनि सरकारले सम्बोधन गर्नुपर्छ। भारतमा ठूलो संख्यामा नेपाली नागरिक बसोबास तथा रोजगारीमा संलग्न छन्। उनीहरूको सुरक्षा, सम्मान, श्रम अधिकार र सामाजिक संरक्षणका विषयमा भारत सरकारसँग स्पष्ट संवाद हुनुपर्छ। विदेशमा रहेका नेपालीले आफ्नो देशको सरकारप्रति गर्व गर्न सक्ने वातावरण निर्माण गर्नु पनि कूटनीतिक सफलताको एउटा महत्वपूर्ण आधार हो। प्रधानमन्त्री बालेनको सबैभन्दा ठूलो चुनौती भनेको जनताले उनीबाट गरेको अपेक्षालाई परिणाममा बदल्नु हो। नयाँ अनुहार र नयाँ राजनीतिक नाराले मात्र देशको भविष्य बदलिँदैन्। त्यसका लागि स्पष्ट दृष्टिकोण, बलियो राष्ट्रिय अडान, अध्ययनमा आधारित निर्णय र परिणाममुखी कूटनीति आवश्यक हुन्छ। विगतका प्रधानमन्त्रीहरूको भारत भ्रमणमा भएका सम्झौता, सहमति र प्रतिबद्धताको कार्यान्वयन अवस्थासमेत समीक्षा गर्न सक्नुपर्छ। भ्रमणपछि जारी हुने संयुक्त वक्तव्य र सम्झौताभन्दा पनि तिनको कार्यान्वयनले वास्तविक सफलता निर्धारण गर्नेछ। त्यसैले प्रधानमन्त्री बालेनको भारत भ्रमणलाई परम्परागत औपचारिकताभन्दा माथि उठाउन आवश्यक छ। यो भ्रमणले नेपाल भारतसँग मित्रवत् सम्बन्ध चाहन्छ, तर आफ्नो राष्ट्रिय हित र स्वाभिमानमा कुनै सम्झौता गर्दैन भन्ने सन्देश दिन सक्नुपर्छ। नेपालको विकास, समृद्धि र स्थायित्वका लागि भारतसँग सहकार्य आवश्यक छ, तर त्यो सहकार्य समान साझेदारीका आधारमा हुनुपर्छ। आज नेपाली जनताले प्रधानमन्त्रीसँग ठूलो अपेक्षा राखेका छन्। त्यसैले यो भ्रमणको मूल्यांकन स्वागत, सम्मान र भेटघाटका तस्बिरबाट हुन सक्दैन्। नेपालले प्राप्त गर्ने ठोस उपलब्धिबाट हुनेछ। प्रधानमन्त्री बालेनले आफ्नो पहिलो भारत भ्रमणलाई नेपालको कूटनीतिक इतिहासमा नयाँ अध्यायका रूपमा स्थापित गर्न सक्नुपर्छ। यो नै सम्पूर्ण नेपालीको गौरवको विषय बन्नेछ। इतिहासले सम्झिने भ्रमण त्यही हुनेछ, जसले नेपालको राष्ट्रिय स्वाभिमान उच्च राख्दै समृद्धि र समान साझेदारीको नयाँ बाटो खोल्नेछ।

सीताको माइती र रामको जन्मभूमि जोड्दै सरयुग-कमला एक्सप्रेस, पर्यटनमा नयाँ सम्भावना



त्रेतायुगमा माता सीता र भगवान् रामको वैवाहिक सम्बन्धले जोडिएका जनकपुरधाम र अयोध्या अब रेलमार्गबाट पनि जोडिने भएका छन्। सीताको जन्मभूमि जनकपुरधाम र रामको जन्मभूमि अयोध्याबीच आइतबारदेखि नियमित रेल सेवा सञ्चालनमा आउने भएपछि दुई देशबीचको ऐतिहासिक तथा सांस्कृतिक सम्बन्धले नयाँ आयाम पाउने अपेक्षा गरिएको छ।

रामायणकालीन सम्बन्धलाई आधुनिक यातायात सञ्जालसँग जोड्ने उद्देश्यले सुरु हुन लागेको 'सरयुग-कमला एक्सप्रेस'ले नेपाल र भारतका धार्मिक पर्यटकीय गन्तव्यबीच सीधा सम्पर्क स्थापित गर्नेछ । यसले धार्मिक पर्यटक तथा तीर्थयात्रीको आवागमन सहज बनाउनुका साथै मधेश प्रदेशको पर्यटन, व्यापार र आर्थिक गतिविधिमा समेत नयाँ सम्भावना खोल्ने अपेक्षा गरिएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणका क्रममा रेल सेवा सञ्चालन हुन लागेको हो। प्रधानमन्त्री शाह र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मंसिर ७ गते नयाँदिल्लीस्थित हैदराबाद हाउसबाट भिडियो कन्फरेन्समार्फत संयुक्त रूपमा रेल सेवाको उद्घाटन गर्ने कार्यक्रम छ। रेल सेवा सुरु हुने खबरले जनकपुरधाममा उत्साह थपिएको छ।

भारतीय रेल, सूचना तथा प्रसारण एवं इलेक्ट्रोनिक्स तथा सूचना प्रविधिमन्त्री अश्विनी वैष्णवले कार्तिक ३० गते जारी गरेको सार्वजनिक सूचनाअनुसार भारतीय रेल-वेले जनकपुरधामदेखि अयोध्या क्यान्टसम्म रेल सञ्चालन गर्न स्वीकृति दिएको हो। रेल नम्बर १५५९५ र १५५९६ अन्तर्गत जनकपुरधाम-अयोध्या क्यान्ट एक्सप्रेस (वाया नरकटियागन्ज) सञ्चालन हुनेछ।

यसअघि नै रेल सेवा सञ्चालनको प्राविधिक तयारी पूरा गर्न भारतीय रेल-वेको १७ बोगी र डब्लूडीपी-४ डी ४०३७० नम्बरको इन्जिनसहितको रेल १९ कार्तिकमा अयोध्याबाट जनकपुरधामको कुर्था स्टेसन आइपुगेको थियो। नेपाल र भारतका रेल-वे तथा सुरक्षा निकायका अधिकारीहरूले रेलमार्ग, प्राविधिक पक्ष, सुरक्षा र संरचनागत अवस्थाको संयुक्त निरीक्षणसमेत गरेका थिए।

माइतीदेखि ससुरालीसम्म सोझो सम्पर्क

जनकपुरधाम र अयोध्याबीचको सम्बन्ध केवल दुई धार्मिक शहरबीचको सम्पर्कमा सीमित छैन। रामायणकालीन कथाअनुसार जनकपुरधाम माता सीताको जन्मस्थल र अयोध्या भगवान् रामको जन्मस्थल हो।

सीता र रामको विवाहले यी दुई भूगोललाई धार्मिक, सांस्कृतिक र भावनात्मक रूपमा जोडेको छ। त्यसैले यी दुई शहरबीच रेल सेवा सञ्चालन हुनुलाई धार्मिक पर्यटनको विकाससँगै सांस्कृतिक सम्बन्धको विस्तारका रूपमा पनि हेरिएको छ।

जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णव जनकपुरधामदेखि अयोध्यासम्म सोझै रेल सेवा सञ्चालन हुनु ऐतिहासिक उपलब्धि भएको बताउँछन्।

'हाम्रो लागि अयोध्या सीता माताको घर हो। सीताको माइतीबाट ससुरालीसम्म सोझै रेल सेवा जोडिनु निकै उत्साहजनक विषय हो,' उनी भन्छन्, 'नेपालमा सबैभन्दा बढी आउने पर्यटक पनि भारतकै हुन्। आउँदै गरेको विवाहपञ्चमी महामहोत्सवमा भारतबाट जनकपुर आउने पर्यटकको बाक्लो घुइँचो लाग्छ। यो रेल सेवाले उनीहरूलाई ठूलो सहजता प्रदान गर्नेछ। यसले नेपाल-भारत मित्रतालाई अझ प्रगाढ बनाउनेछ।'

रेल सेवा उद्घाटनका क्रममा अयोध्या क्यान्ट रेल-वे स्टेसनमा उत्तर प्रदेशकी राज्यपाल आनन्दीबेन पटेल, मुख्यमन्त्री योगी आदित्यनाथ, केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णव तथा उपमुख्यमन्त्री केशवप्रसाद मौर्य र ब्रजेश पाठकलगायत उच्च अधिकारीहरूले हरियो झण्डा देखाउने कार्यक्रम छ।

६०४ किलोमिटरको यात्रा, १० स्थानमा स्टपेज

जनकपुरधाम र अयोध्याबीच सञ्चालन हुने रेलले भारतको बिहार र उत्तर प्रदेशका महत्त्वपूर्ण शहरलाई जोड्नेछ। करिब ६०४ किलोमिटर दूरी पार गर्ने रेलले जयनगर, मधुबनी, शिशो, सीतामढी, रक्सौल, नरकटियागन्ज, गोरखपुर, बस्ती, मनकापुर र अयोध्याधाममा व्यावसायिक स्टपेज पाउनेछ।

१७ डिब्बाको उक्त रेल जनकपुरधामबाट प्रत्येक शनिबार र अयोध्या क्यान्टबाट प्रत्येक सोमबार सञ्चालन हुनेछ । अयोध्यादेखि जनकपुरधामसम्मको यात्रा पूरा गर्न करिब १५ देखि १६ घण्टा लाग्नेछ।

नयाँ रेल सेवाले धार्मिक पर्यटकका अतिरिक्त शिक्षा, व्यापार, पारिवारिक भेटघाट तथा अन्य प्रयोजनले सीमापार यात्रा गर्ने यात्रुलाई पनि सुविधा पुग्ने अपेक्षा गरिएको छ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी रेल सेवालाई मधेशको पर्यटन र आर्थिक विकाससँग जोडेर हेर्नुपर्ने बताउँछन्।

धार्मिक र पर्यटकीय हिसाबले यो रेल सेवा सञ्चालन हुनु निकै फाइदाजनक छ । अयोध्या आउने पर्यटकले सीताको माइत घुम्न जाऔं भन्ने सोच बनाए भने जनकपुर आउने सजिलो माध्यम यही रेल सेवा बन्नेछ,' उनी भन्छन्, 'जनकपुरबाट पर्यटन प्रवर्द्धनमा जोड दिन सकिए भारतीय पर्यटकले लुम्बिनी, पोखरालगायत महत्त्वपूर्ण पर्यटकीय स्थलको पनि भ्रमण गर्न सक्छन्। यसबाट होटल तथा पर्यटन क्षेत्रमा मात्र नभई समग्र व्यापार-व्यवसायमा सकारात्मक प्रभाव पर्नेछ।'

उनका अनुसार रेल सेवाबाट प्राप्त हुने सम्भावित लाभलाई वास्तविक आर्थिक अवसरमा बदल्न जनकपुरधामले पर्यटकीय पूर्वाधार, आतिथ्य सेवा र प्रचारप्रसारमा विशेष ध्यान दिन आवश्यक छ।

नयाँ रेल सेवाको उत्साह, पुरानै रेलको व्यवस्थापन चुनौती

जनकपुरधाम र अयोध्याबीच रेल सेवा सुरु हुन लाग्दा स्थानीय स्तरमा उत्साह देखिए पनि जनकपुरधाममा यसअघि नै सञ्चालनमा रहेको जनकपुर-जयनगर रेल सेवाको अवस्था भने अपेक्षाअनुसार छैन। नयाँ अन्तरदेशीय रेल सेवाले पर्यटनको सम्भावना बढाउने अपेक्षा गरिरहँदा आफ्नै रेल सेवाको व्यवस्थापन, यात्रु सुविधा र भौतिक पूर्वाधारको अवस्था सुधार गर्नुपर्ने चुनौती पनि उत्तिकै छ।

नागरिक दबाब समूह 'जनसरोकार अभियान'ले नेपाल रेल-वे कम्पनीका महाप्रबन्धकलाई ज्ञापनपत्र बुझाउँदै रेल सेवामा यात्रुले दैनिक भोग्नुपरेका समस्या समाधान गर्न माग गरेको छ। अभियानले जनकपुरधामस्थित रेल-वे स्टेसन तथा प्लेटफर्मको सरसफाइ, खानेपानी र शौचालयको व्यवस्था, भौतिक संरचनाको मर्मतसम्भार, विद्युतीय उपकरणको सञ्चालन र रेल-वे विस्तारलगायत विषयमा ध्यानाकर्षण गराएको छ।

अभियानका संयोजक एवं जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष जितेन्द्र महासेठ नयाँ रेल सेवा सञ्चालन हुनु सकारात्मक भए पनि विद्यमान रेल सेवाको अवस्था सुधार नगरे त्यसले जनकपुरधामको पर्यटन छविमा नकारात्मक प्रभाव पार्न सक्ने बताउँछन्।

'नेपालको एक मात्र रेल सेवा सबै नेपाली पर्यटकका लागि आकर्षणको केन्द्र बन्नुपर्थ्यो। अहिले पनि कतिपय नेपालीले रेल देखेका छैनन्। उनीहरूका लागि यो यात्रा आरामदायक र अविस्मरणीय बन्नुपर्ने हो। तर, अहिले रेल-वे कम्पनीद्वारा सञ्चालित जनकपुर-जयनगर रेल सेवा निकै अव्यवस्थित छ,' उनी भन्छन्।

उनका अनुसार रेल-वे स्टेसनका भौतिक संरचना जीर्ण छन्। खानेपानी र शौचालयको उचित व्यवस्था छैन। विद्युतीय उपकरण प्रयोगविहीन छन् भने सरसफाइको अवस्था पनि कमजोर छ।

'यस्तो अवस्थामा जनकपुरमा रेल चढ्न आउने पर्यटकले के सन्देश लिएर जालान्? यसको व्यवस्थापनतर्फ रेल-वे कम्पनीले तुरुन्त ध्यान दिनुपर्छ,' महासेठ भन्छन्।

नेपाल रेल-वे कम्पनीका महाप्रबन्धक परिवेश पराजुलीका अनुसार अयोध्या-जनकपुरधाम रेल सेवाको व्यवस्थापनका लागि दुवै देशका अधिकारीबीच निरन्तर छलफल भइरहेको छ। तत्कालका लागि रेल भारतीय रेल-वेले उपलब्ध गराउने भएकाले भाडादर निर्धारण र टिकट व्यवस्थापनको जिम्मेवारी पनि भारतीय रेल-वेकै हुनेछ। नेपाल रेल-वे कम्पनीले भने टिकट व्यवस्थापनलगायत विषयमा आवश्यक समन्वय गर्ने तयारी गरेको छ।

आजको राशिफल

मेष : पिता वा गुरुजनबाट सहयोग मिल्ने छ र नयाँ अनुभव प्राप्त गर्न शुभ समय छ।

बृष : चन्द्रमा अष्टम भावमा रहनेछ, जसले परिवर्तन, गोप्य मामिला र संयुक्त स्रोतमा ध्यान दिनेछ।

मिथुन : सम्बन्ध सुदृढ गर्न र सहकार्यका लागि शुभ दिन हो। अरूको दृष्टिकोण बुझ्न र सम्झौता गर्न तयार रहनुहोस्।

कर्कट : चन्द्रमा छैटौं भावमा रहने छ, जसले काम, स्वास्थ्य, दैनिक दिनचर्या र अवरोधहरूमा ध्यान केन्द्रित गर्नेछ।

सिंह : रमाइलो र मनोरञ्जनका लागि राम्रो समय छ। प्रियजनहरूसँगको सम्बन्ध सुमधुर बन्नेछ।

कन्या : चन्द्रमा चौथो भावमा रहने छ, जसले घर, परिवार, भावनात्मक कल्याण र सम्पत्ति मामिलामा ध्यान केन्द्रित गर्नेछ।

तुला : चन्द्रमा तेस्रो भावमा रहनेछ, जसले संचार, छोटो यात्रा, भाइबहिनी र आत्म-प्रयासमा ध्यान केन्द्रित गर्नेछ।

वृश्चिक : चन्द्रमा दोस्रो भावमा रहने छ, जसले आर्थिक, पारिवारिक मूल्य र वाणीमा ध्यान केन्द्रित गर्नेछ।


धनु : चन्द्रमा लग्न भावमा रहने छ, जसले व्यक्तित्व, आत्म-कल्याण र समग्र स्वास्थ्यमा ध्यान केन्द्रित गर्नेछ।

मकर : आराम गर्नुहोस् र आफूलाई रिचार्ज गर्नुहोस्। अनावश्यक खर्चबाट बच्नुहोस्।

कुम्भ : साथीभाइको सहयोग मिल्ने छ र नयाँ सम्बन्धहरू स्थापित हुनेछन्। आर्थिक लाभको सम्भावना छ।

मीन : चन्द्रमा दशौं भावमा रहने छ, जसले करियर, सार्वजनिक प्रतिष्ठा र महत्वाकांक्षामा ध्यान केन्द्रित गर्नेछ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

खैरो हेरोइनजस्तो पदार्थसहित दुई जना पक्राउ

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०६ गते

सिरहाको मिर्चैया नगरपालिका-६ स्थित मिर्चैया-कटारी सडकखण्डबाट खैरो हेरोइन (ब्राउन सुगर) जस्तो देखिने प्रतिबन्धित लागुऔषध पदार्थसहित दुई जना पक्राउ परेका छन्।

शनिबार साँझ करिब ६ बजे होलिडे होटल अगाडि लागुऔषध नियन्त्रण ब्युरो, शाखा कार्यालय बर्दिबास र इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको संयुक्त प्रहरी टोलीले मोटरसाइकल चेकजाँच गर्ने क्रममा उनीहरूलाई पक्राउ गरेको हो।

मिर्चैयाबाट कटारीतर्फ जाँदै गरेको प्रदेश ०१-००५ प ९१२४ नम्बरको मोटरसाइकललाई शंका लागेर रोकी चेकजाँच गर्दा मोटरसाइकल चालक सिरहाको धनगढीमाई नगरपालिका-५, जेयपुरका २४ वर्षीय दिलिप कुमार सिंह र पछाडि सवार सोही स्थानका २८ वर्षीय रञ्जित कुमार सिंह दनुवारलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार रञ्जित कुमार सिंह दनुवारले लगाएको जिन्स पाइन्टको दाहिने खल्तीबाट कालो प्लास्टिकका तीनवटा पोका फेला परेका थिए। ती पोका खोली जाँच गर्दा खैरो हेरोइनजस्तो देखिने पदार्थ बरामद भएको हो।

प्लास्टिकसहित तौल गर्दा उक्त पदार्थ ४०.४१० ग्राम र प्लास्टिक हटाएर तौल गर्दा ३१.४३० ग्राम रहेको प्रहरीले जनाएको छ। साथै, दुईवटा स्किन टच मोबाइलसमेत बरामद गरिएको छ।

पक्राउ परेका दुवै जनालाई बरामद पदार्थसहित इलाका प्रहरी कार्यालय मिर्चैयामा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

कटुवा पेस्तोल र एक राउण्ड गोलीसहित महिला पक्राउ

अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०६ गते

धनुषाको धनुषाधामबाट कटुवा पेस्तोल र एक राउण्ड गोलीसहित एक महिला पक्राउ परेकी छन्।

पक्राउ पर्नेमा सिरहाको कल्याणपुर नगरपालिका-५, निर्धना टोलकी करिब ४० वर्षीया गंगावती महतो रहेकी छन्।



जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) ओमप्रकाश खनालका अनुसार विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय धनुषाधामबाट खटिएको प्रहरी टोलीले शनिबार साँझ करिब ७ बजे धनुषाधाम नगरपालिका-४, गौरीपुर टोलबाट उनलाई पक्राउ गरेको हो।

प्रहरीका अनुसार महतोले कम्मरमा कटुवा पेस्तोल र त्यसमा लाग्ने एक राउण्ड गोली लुकाएर लैजाँदै गरेको

बाँकी पृष्ठ ४ ▶▶

कमला नदीमा भव्य 'देवता मेला' लाग्दै, धामी झाँक्रीसहित .....

गरी देवताको पूजा-आराधना गर्ने, मन्त्र सिद्धि गर्ने तथा कुलदेवताको पूजा गर्ने परम्परा छ। विशेषगरी धामी-झाँक्रीहरूले वर्षभरि सिकेको तान्त्रिक विद्या सिद्ध गर्ने र देवतालाई स्थायी बासका लागि निमन्त्रणा गर्ने धार्मिक मान्यता रहिआएको छ।

स्थानीय भाषामा 'महराई' भनिने लोकभाकामा गीत गाउँदै धामी तथा भगताहरू ढोल, घण्टी र घुँघरू बजाएर कमला नदी पुग्ने गर्छन्। उनीहरू नदीमा स्नान गरी पूजापाठ गर्ने र कमला नदीको जल घर लैजाने परम्परा पनि छ।

सिरहाको माडरस्थित इनर्वाघाट, बसपिट्टा, सारश्वर, चतरी, कल्याणपुर तथा धनुषातर्फका सघारा, टरिया, लकडालगायतका घाटमा श्रद्धालुको ठूलो भीड लाग्ने गरेको छ।

कमला नदीलाई गंगासरह पवित्र मान्ने धार्मिक विश्वासका कारण यस दिन स्नान, दान र पूजा गर्नाले परिवारमा सुख, शान्ति र समृद्धि प्राप्त हुने जनविश्वास छ।

मिथिलाको लोकसंस्कृति, तान्त्रिक परम्परा र धार्मिक आस्थासँग जोडिएको देव मेला पछिल्लो समय मधेशको विशिष्ट सांस्कृतिक पहिचानका रूपमा समेत स्थापित हुँदै गएको छ।

भूमि प्रशासन हातामित्र रहेको .....

इसरत परविणका अनुसार पटक-पटक फुटपाथ खाली गर्न जारी गरिएको सूचनालाई बेवास्ता गरिए पछि बाध्य भएर नगरप्रहरी र डोजर लगाएर फुटपाथ खाली गराउन थालिएको हो।



हिजो भारतमा भविष्य खोज्दै पदेका बालेन .....

दिदीलाई समेत कन्नड भाषा सुधार गर्न सघाउँथे। जहाँ बसिन्छ, त्यहाँको संस्कृति र नागरिकको सम्मान गर्नुपर्छ भन्ने धारणा शाहले राख्ने गरेको हरिशले बताएका छन्।

पढाइबाहेकको समयमा शाह बैंग्लुरको रात्रिकालीन जीवनशैलीप्रति पनि जिज्ञासु रहेको हरिशले उल्लेख गरेका छन्। उनी साथीहरूसँग चर्च स्ट्रिट र कोरमंगला क्षेत्रका पब तथा स्काइबार जस्ता स्थानमा समेत पुग्थे।

नेपाली साथीहरू सुनील लम्साल र प्रवीणसँगै कर्नाटकका साथी आकाश सम्मिलित उनको नजिकको समूहमा हुने जमघटमा पढाइभन्दा पर गएर समाज, शासन व्यवस्था र देशको भविष्यबारे बहस हुने गरेको हरिशले बताएका छन्।

बालेन शाहलाई पढाएका निट्टे मिनाक्षी इन्स्टिच्युट अफ टेक्नोलोजीका प्राध्यापकहरूले भने उनलाई शान्त, विनम्र, समयपालक र पढाइमा अत्यन्त गम्भीर विद्यार्थीका रूपमा स्मरण गरेका छन्।

एनएमआईटीको सिभिल इन्जिनियरिङ विभागका सहायक प्राध्यापक तथा उपरजिस्ट्रार श्रेयस एभीले शाहलाई मेकानिक्स अफ डिफर्मेबल बडिज र फाइनाइट एलिमेन्ट मेथड्स जस्ता विषय पढाएका थिए।

एनडीटीभी र टाइम्स अफ इन्डियासँगको कुराकानीमा प्राध्यापक श्रेयसले शाह भित्र एउटा च्यापर लुकेको भए पनि कलेज परिसरमा उनले कहिल्यै त्यो रूप नदेखाएको र राजनीतिप्रति पनि कुनै झुकाव प्रकट नगरेको बताएका छन्।

प्राध्यापक श्रेयसका अनुसार शाह निकै जिज्ञासु थिए र विषयवस्तुको शंका निवारण नहुन्जेल साँझसम्मै बसेर शिक्षकसँग सोधखोज गर्थे। अध्ययन पूरा गरेपछि पनि शिक्षकहरूसँग सम्पर्कमा रहने शाह सन् २०२२ मा काठमाडौं महानगरपालिकाको मेयर निर्वाचित भएपछि आफूले उनलाई ठट्यौली शैलीमा 'मेयर साब' भनेर बधाई दिएको श्रेयसले सम्झिएका छन्।

सन् २०१५ को विनाशकारी भूकम्पको तीन वर्षपछि शाहले आफ्नो स्नातकोत्तरको अन्तिम वर्षको शोधपत्र 'भूकम्प-गतिशील विश्लेषण' विषयमा तयार पारेका थिए।

धेरै विद्यार्थी उच्च शिक्षा र रोजगारीका लागि अमेरिका जाने लहर चलिरहँदा शाहले नेपालको भूकम्पीय जोखिमसँग जोडिएको विषय छान्नेर मातृभूमिप्रतिको लगाव देखाएको प्राध्यापक श्रेयसको भनाइ छ। उक्त शोधकार्यमा प्राध्यापक डा. महेशले उनलाई मार्गदर्शन गरेका थिए।

त्यस्तै, शाहलाई पढाएकी तत्कालीन प्राध्यापक भारती गणेशले 'द इन्डियन एक्सप्रेस' सँग कुरा गर्दै युट्युबमा लोकप्रिय च्यापर भएर पनि शाह कक्षाकोठामा अत्यन्त एकाग्र विद्यार्थी रहेको बताएकी छन्।

गत मार्च २०२६ मा शाह नेपालको प्रधानमन्त्री पदमा नियुक्त भएपछि बैंग्लुरस्थित नेपाली समुदायले विशेष सम्मान कार्यक्रम आयोजना गरेको थियो। शाहकी दिदी सुजाता शाह हरिशसमेत सहभागी उक्त कार्यक्रममा एनएमआईटीका प्राचार्य डा. एचसी नागराजले आफ्नो पूर्वविद्यार्थी छिमेकी राष्ट्रको नेतृत्वमा पुग्नु संस्थाका लागि ठूलो गौरवको विषय भएको बताएका थिए।

विश्वविद्यालयका उपाध्यक्ष डा. सन्दीप शास्त्रीले शाहको उदयलाई संस्थाको गौरवमा थपिएको अर्को रत्नका रूपमा व्याख्या गरेका थिए।

सामाजिक तथा राजनीतिक विकृतिविरुद्ध च्याप संगीतमार्फत युवा पुस्तामाझ लोकप्रिय बनेका शाहको राजनीतिक यात्रा नेपाली राजनीतिमा दुर्लभ मानिन्छ। सन् २०२२ मे मा स्वतन्त्र उम्मेदवारका रूपमा स्थापित राजनीतिक दलहरूको सांगठनिक शक्तिलाई पन्छाउँदै उनी काठमाडौं महानगरपालिकाको १५ औं मेयर निर्वाचित भएका थिए।

टाइम म्यागजिनको 'टप १०० इमर्जिङ लिडर्स' सूचीमा समेत परेका शाहले मेयरको कार्यकालमा सहरी सुशासन, अतिक्रमण नियन्त्रण र सम्पदा संरक्षणका अभियान चलाएका थिए।

मेयर रहँदा नै भारतको नयाँ संसद् भवनमा राखिएको अखण्ड भारतको नक्साको जवाफमा आफ्नो कार्यकक्षमा 'ग्रेटर नेपाल' को नक्सा राखेपछि शाह अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा समेत चर्चाको केन्द्रमा आएका थिए।

सन् २०२५ सेप्टेम्बरमा भएको जेन-जी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रमसँगै शाह राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा वरिष्ठ नेता र भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा आबद्ध भए।

विसं २०८२ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा उनले झापा क्षेत्र नम्बर-५ बाट नेकपा एमालेका अध्यक्ष एवं चार पटकका पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध उम्मेदवारी दिए।

उक्त निर्वाचनमा शाहले ओलीलाई ४९ हजार ६१४ मतान्तरले पराजित गर्दै ऐतिहासिक जित हासिल गरे। शाहले ६८ हजार ३४८ मत प्राप्त गर्दा ओली १८ हजार ७३४ मतमा सीमित भए।

शाहले प्राप्त गरेको यो मत नेपालको संसदीय निर्वाचनको इतिहासमै कुनै पनि उम्मेदवारले पाएको सर्वाधिक मत हो। २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाले स्पष्ट बहुमत हासिल गरेसँगै ३६ वर्षीय शाह मार्च २०२६ मा नेपालको प्रधानमन्त्री नियुक्त भएका थिए।

प्रधानमन्त्री नियुक्त भएपछि आफ्नो पहिलो औपचारिक विदेश भ्रमणका रूपमा भारत रोजेका शाह आइतबार दिउँसो २ बजेर ८ मिनेटमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपाल एयरलाइन्सको नियमित उडानमार्फत नयाँदिल्ली प्रस्थान गरेका थिए।

विमानस्थलमा उनलाई बिदाइ गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ, गृहमन्त्री सुधन गुरुङ र सत्तारुढ रास्वपाका सांसद जगदिश खरेल पुगेका थिए। कुनै औपचारिक तामझामबिना नियमित उडानमा दिल्ली उडेका शाहले प्रस्थानका क्रममा नेपाली सेनाबाट सम्मान गारत (गार्ड अफ अनर) लिएनन्।

दिउँसो ३ बजेर २८ मिनेटमा दिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका प्रधानमन्त्री शाहलाई भारत सरकारका उद्योग तथा वाणिज्य राज्यमन्त्री जितिन प्रसादले स्वागत गरे।

भारतीय विदेश मन्त्रालय (एमईए) ले सामाजिक सञ्जाल 'एक्स' मार्फत शाहलाई न्यानो स्वागत गर्दै यो राजकीय भ्रमणले नेपाल र भारतबीचको दीर्घकालीन तथा बहुआयामिक साझेदारीलाई थप सुदृढ बनाउने अवसर प्रदान गर्ने जनाएको छ।

विमानस्थलमा भारतका तीनवटै सुरक्षा निकायका सैनिक टुकडीले प्रधानमन्त्री शाहलाई सलामी दिएका थिए। साथै विमानस्थलबाट बाहिर निस्कने क्रममा उनलाई सांस्कृतिक नाचमार्फत समेत स्वागत गरिएको थियो।

विमानस्थलबाट नयाँदिल्लीस्थित होटल ताज पुगेका प्रधानमन्त्री शाहले भ्रमणको पहिलो दिन आइतबार साँझ भारतीय विदेशमन्त्री डा. एस. जयशंकरसँग शिष्टाचार भेटवार्ता गरे। उक्त भेटमा भोलि हुने उच्चस्तरीय द्विपक्षीय वार्ताका एजेन्डा र आपसी सहकार्यका विषयमा प्रारम्भिक छलफल भएको छ।

भ्रमणको दोस्रो तथा मुख्य दिन सोमबार प्रधानमन्त्री शाह उच्चस्तरीय राजनीतिक भेटवार्ता, परियोजना उद्घाटन र आर्थिक कूटनीतिका कार्यक्रममा व्यस्त हुनेछन्।

सोमबार बिहान भारतको राष्ट्रपति भवनमा प्रधानमन्त्री शाहको औपचारिक स्वागत गरिनेछ। त्यसपछि उनले भारतीय समय अनुसार बिहान १० बजे नयाँदिल्लीस्थित राजघाट पुगेर महात्मा गान्धीको समाधिस्थलमा पुष्पगुच्छा अर्पण गरी श्रद्धाञ्जली व्यक्त गर्नेछन्।

राजघाटको कार्यक्रमलगत्तै हैदरावाद हाउसमा प्रधानमन्त्री शाह र भारतीय समकक्षी नरेन्द्र मोदीबीच प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्ता हुनेछ।

त्यसक्रममा शाह र मोदीबीच करिब आधा घण्टा वान-टु-वान भेटवार्ता गर्ने तयारी छ। वार्तामा नेपाल-भारत सम्बन्धका सम्पूर्ण आयामको समीक्षा गरिनुका साथै आपसी चासोका क्षेत्रीय तथा विश्वव्यापी विषयमा विचार आदानप्रदान हुनेछ।

प्रतिनिधिमण्डलस्तरीय वार्तापछि दुवै देशका प्रधानमन्त्रीले संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम छ। त्यसपछि भारतीय प्रधानमन्त्री मोदीले नेपाली समकक्षी शाह र नेपाली प्रतिनिधिमण्डलको सम्मानमा औपचारिक दिवाभोजको आयोजना गर्नेछन्।

भ्रमणका क्रममा प्रधानमन्त्री शाहले सोमबार नै नेपाल-भारत बिजनेस फोरममा समेत सहभागिता जनाउनेछन्। परराष्ट्र सचिव अमृतबहादुर राईका अनुसार उक्त फोरमले दुवै देशका निजी क्षेत्रका व्यवसायीहरूलाई व्यापार, लगानी र आर्थिक साझेदारी विस्तारका अवसरमाथि छलफल गर्ने मञ्च प्रदान गर्नेछ।

यसैगरी, प्रधानमन्त्री शाहले सोमबार नै भारतका राष्ट्रपति द्रौपदी मुर्मूसँग शिष्टाचार भेट गर्ने कार्यतालिका छ। सबै औपचारिक कार्यक्रम सम्पन्न गरी शाह सोमबार साँझ ६ बजेर ३५ मिनेटमा नेपाल एयरलाइन्सको नियमित उडानमार्फत काठमाडौं फर्कने तालिका छ।

स्वदेश फर्किएपछि परराष्ट्रमन्त्री शिशिर खनालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकार सम्मेलन गरी भ्रमणका उपलब्धिबारे जानकारी दिनेछन्।

सोमबार हुने द्विपक्षीय बैठकपछिको सबैभन्दा चर्चित कार्यक्रमका रूपमा प्रधानमन्त्री शाह र भारतीय समकक्षी मोदीले भारतस्थित भगवान् रामको जन्मस्थान अयोध्या र नेपालस्थित माता सीताको जन्मस्थान जनकपुरधामलाई जोड्ने नयाँ रेल सेवाको संयुक्त उद्घाटन गर्नेछन्।

अयोध्यादेखि जनकपुरधामसम्म ६०४ किलोमिटर दूरी तय गर्ने उक्त रेल हप्तामा एक दिन सञ्चालन हुनेछ। तय भएको तालिका अनुसार यो रेल जनकपुरधामबाट हरेक शनिबार र अयोध्या क्यान्टबाट हरेक सोमबार छुट्नेछ। रेलका प्रमुख बिसौनीमा अयोध्या धाम, गोरखपुर, बस्ती, नरकटियागञ्ज, रक्सौल, सीतामढी, मधुबनी र जयनगर रहेका छन्।

यस रेल सेवाको सुरुवातसँगै भारतको राम जन्मभूमि र नेपालको सीता जन्मभूमिबीच सीधा रेल सम्पर्क

बाँकी पृष्ठ ४ ▶▶

खैरो हेरोइनजस्तो पदार्थ र मोटरसाइकलसहित एक जना पक्राउ

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०६ गते



सिरहाको गोलबजार नगरपालिका-६ गुम्बा चोकबाट प्रहरीले खैरो हेरोइनजस्तो देखिने पदार्थसहित एक जनालाई पक्राउ गरेको छ। प्रहरीलाई देखेपछि मोटरसाइकलमा सवार अर्का एक व्यक्ति भने ज्याकेट छाडेर फरार भएका छन्।

शनिबार राति करिब ९:३० बजे इलाका प्रहरी कार्यालय गोलबजार र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजारबाट खटिएको संयुक्त प्रहरी टोलीले गुम्बा चोकस्थित भित्री सडकखण्डमा प्रदेश २-०४-००१ प १६८७ नम्बरको मोटरसाइकलमा सवार दुई जनालाई शङ्कास्पद अवस्थामा फेला पारेपछि जाँच गर्न खोजेको थियो । प्रहरी टोलीलाई देखेपछि एक जना व्यक्ति आफूले लगाएको ज्याकेट छाडेर फरार भएका थिए भने अर्का व्यक्ति गोलबजार नगरपालिका-२ का ३० वर्षीय योगेशकुमार सिंहलाई प्रहरीले नियन्त्रणमा लिएको थियो।

प्रहरीका अनुसार सिंहको शरीर तलासी गर्दा प्लास्टिकसहित ९७० मिलिग्राम र प्लास्टिकबाहेक ७४० मिलिग्राम तौल भएको खैरो हेरोइनजस्तो देखिने पदार्थ तथा एक थान स्क्रिन टच मोबाइल बरामद भएको छ।

फरार व्यक्तिले छाडेको ज्याकेट खानतलासी गर्दा कल्याणपुर नगरपालिका-१० का जयकुमार महतोका छोरा देवनारायण महतोको नाममा रहेको नेपाली नागरिकताको प्रमाणपत्र, मोटरसाइकलको बिलबुक र एक थान डिजिटल तराजुसमेत फेला परेको प्रहरीले जनाएको छ।

पक्राउ परेका सिंहलाई बरामद लागुऔषध र मोटरसाइकलसहित इलाका प्रहरी कार्यालय गोलबजारमा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

सामाजिक सूचना व्यवस्थापन प्रभावकारी बनाउन स्थानीय तहको क्षमता विकासमा जोड

मधेशका १३६ वटै पालिकाका प्रतिनिधिलाई अभिमुखीकरण गरिने



अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०६ गते

सामाजिक सूचना व्यवस्थापन प्रणाली (एसआइएमएस) को प्रभावकारी कार्यान्वयन तथा स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले जनकपुरधाममा तीनदिने अभिमुखीकरण कार्यक्रम सुरु भएको छ।

नेपाल सरकारको महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयले लाइफ नेपालको समन्वयमा आइतबारदेखि कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रमको पहिलो दिन मधेश प्रदेशका धनुषा, महोत्तरी र सर्लाही जिल्लाका ४३ स्थानीय तहका महिला तथा बालबालिका शाखा र तथ्याङ्क शाखाका प्रतिनिधिको सहभागिता रहेको थियो। तीन दिनसम्म सञ्चालन हुने कार्यक्रममा प्रदेशका १३६ वटै पालिकाका प्रतिनिधिलाई सहभागी गराइने लाइफ नेपालका कार्यक्रम संयोजक लक्ष्मी शाहले जानकारी दिए।

कार्यक्रमको उद्घाटन गर्दै मन्त्रालयका सचिव कृष्णबहादुर राउतले सामाजिक सूचना व्यवस्थापन प्रणाली सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका र लक्षित वर्गको उत्थानका लागि महत्वपूर्ण माध्यम बन्न सक्ने बताए। स्थानीय तहले प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरे लक्षित वर्गको वास्तविक अवस्था पहिचान, आवश्यकता विश्लेषण तथा सोहीअनुसार योजना र कार्यक्रम निर्माण गर्न सहज हुने उनको भनाइ थियो।

उनले कुन वर्ग र समुदायलाई कस्तो सेवा तथा सहयोग आवश्यक छ भन्ने पहिचान गर्न र उपलब्ध स्रोतसाधनको उचित परिचालन गर्न पनि प्रणालीले सहयोग पुऱ्याउने बताए।

कार्यक्रममा प्रशिक्षक रामहरि गैरेले सामाजिक सूचना व्यवस्थापन प्रणालीको अवधारणा, आवश्यकता, प्रयोग र कार्यान्वयनका विषयमा प्रशिक्षण दिएका थिए। अभिमुखीकरणले प्रणालीलाई स्थानीय तहसम्म विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्ने मन्त्रालयका उपसचिव बद्री कार्कीले बताए।

कार्यक्रममा युनिसेफ मधेश प्रदेश कार्यालय प्रमुख अनिता दाहाल, युनिसेफकी विष्णुमाया भट्टराई, लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरलगायतको सहभागिता रहेको थियो।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नैपाल



हिजो भारतमा भविष्य खोज्दै पदेका बालेन .....

स्थापित हुनेछ । अब दुवै देशका श्रद्धालु रामायणसँग जोडिएका यी दुई प्रमुख तीर्थस्थलसम्म रेलमार्फत सहजै पुग्न सक्नेछन्। यसका साथै बिहार र नेपालका सीमावर्ती क्षेत्रका बासिन्दाले अध्ययन, व्यापार-व्यवसाय र परिवारसँग भेटघाटका लागि आउजाउ गर्न नयाँ र भरपर्दो विकल्प पाउनेछन्।

प्रधानमन्त्री शाहको भारत भ्रमणमा दीर्घकालीन कूटनीतिक तथा आर्थिक सहकार्यका ठोस प्रस्तावहरू टेबुलमा राखिएका छन्।

भारतले द्विपक्षीय सम्बन्धलाई नयाँ ढंगले अघि बढाउन 'संयुक्त भिजन दस्तावेज' को प्रस्ताव गरेको छ। आर्थिक सहकार्य, लगानी, पारवहन, ऊर्जा, डिजिटल कनेक्टिभिटी र स्वास्थ्य क्षेत्रलाई समेटेर तयार पारिएको उक्त दस्तावेज शाहको भ्रमणका क्रममा सार्वजनिक गरिने र भ्रमणको समापनमा औपचारिक रूपमा अनुमोदन गर्ने प्रस्ताव भारतले अघि सारेको छ । उक्त दस्तावेज विशेष क्षेत्रहरूमा दीर्घकालीन सहकार्य र स्पष्ट लक्ष्य निर्धारणमा केन्द्रित हुने जनाइएको छ।

यता, भारतीय सञ्चारमाध्यम हिन्दुस्तान टाइम्स र न्युज ९ लाइभका अनुसार प्रधानमन्त्री शाहको भ्रमणअघि नेपालले भारतसमक्ष २ अर्ब अमेरिकी डलरको आर्थिक प्याकेज प्रस्ताव पठाएको छ।

जानकार स्रोतलाई उद्धृत गर्दै हिन्दुस्तान टाइम्सले जनाएअनुसार उक्त प्रस्तावमा १ अर्ब डलर अनुदानसमेत समावेश छ। विकास परियोजनाहरू अघि बढाउन तथा हालैको आकस्मिक बाढीबाट प्रभावित क्षेत्रहरूको पुनर्निर्माणका लागि नेपालले उक्त आर्थिक सहयोग प्रस्ताव गरेको हो।

साथै, भारतीय आकाश हुँदै नेपालका लागि थप हवाई प्रवेश मार्ग उपलब्ध गराउने विषय पनि वार्ताको एजेन्डामा रहने भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

रेल सेवा उद्घाटनका अतिरिक्त भ्रमणका अवसरमा दुई देशबीच सम्पर्क सञ्जाल विस्तार तथा ऊर्जा सहकार्यसम्बन्धी विभिन्न सम्पन्न परियोजनाको उद्घाटन र नयाँ परियोजनाको शिलान्यास गर्ने कार्यक्रम छ।

परराष्ट्र सचिव अमृतबहादुर राईका अनुसार वार्तामा व्यापार, पारवहन, लगानी, ऊर्जा, सम्पर्क सञ्जाल तथा पूर्वाधार विकासमा आर्थिक सहकार्य अभिवृद्धि गर्ने विषयले प्रमुखता पाउनेछ।

त्यसैगरी शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, विपद् व्यवस्थापन र मानव संसाधन विकास जस्ता विविध क्षेत्रमा आपसी सहकार्य विस्तार गर्न विभिन्न समझदारीपत्र (एमओयू) समेत आदानप्रदान गरिने परराष्ट्र मन्त्रालयले जनाएको छ।

प्रधानमन्त्री शाहको भ्रमण टोलीमा मन्त्रिपरिषद्का महत्वपूर्ण सदस्य, सल्लाहकार समूह र निजी क्षेत्रको उल्लेख्य उपस्थिति छ।

आधिकारिक भ्रमण टोलीमा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार बेन (व्यञ्जनकार), राजनीतिक सल्लाहकार असिम शाह र सूचना तथा सञ्चार प्रविधि सल्लाहकार विवेक मिश्र सहभागी छन्।

त्यस्तै स्वकीय सचिव सुवास शर्मा, निजी सचिव प्रदीप परियार, मिडिया व्यवस्थापन संयोजक दीपा दाहाल र संस्कृति तथा सम्पदा समन्वय उप-संयोजक विनय शाक्य पनि टोलीमा छन्।

उच्चपदस्थ सरकारी अधिकारी, व्यवसायी तथा सरकारी सञ्चार माध्यमका ३ जना प्रतिनिधि सहित आधिकारिक टोलीमा ३५ जना सहभागी छन् भने नयाँदिल्लीस्थित नेपाली राजदूतलगायत अधिकारीहरू उतैबाट टोलीमा जोडिनेछन्।

सरकारी टोलीबाहेक निजी क्षेत्रबाट ५२ सदस्यीय व्यवसायीहरूको टोली आफ्नै खर्चमा भ्रमणमा सहभागी भएको छ।

हिजो बैंग्लुरको कक्षाकोठामा स्ट्रक्चरल इन्जिनियरिङ र भूकम्प प्रतिरोधी संरचनाको ज्ञान खोज्दै भविष्यको सपना बुनेका शाह आज नेपालको प्रधानमन्त्रीका रूपमा नयाँदिल्लीको कूटनीतिक मञ्चमा उभिएका छन्।



कटुवा पेस्तोल .....

अवस्थामा फेला पारेपछि नियन्त्रणमा लिइएको थियो।

पक्राउ परेकी महतोमाथि प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउनुका साथै घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

ट्रयाक्टरको फल्स बटममा लुकाइएको ७२ किलो .....

स्थित भित्री सडकखण्डमा विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको प्रहरी टोलीले शिवचोकबाट सिरहा बजारतर्फ जाँदै गरेको ज १ त ८३११ नम्बरको ट्रयाक्टर रोकेर जाँच गरेको थियो।

जाँचका क्रममा ट्रयाक्टरको इन्जिनमा रहेको टुल बक्स र ट्रेलरमा फल्स बटम बनाई प्लास्टिक टेपले बेरेर लुकाइएको ३६ पोका गाँजाजस्तो देखिने पदार्थ फेला परेको प्रहरीले जनाएको छ। उक्त पदार्थ प्लास्टिकसहित तौल गर्दा ७२ किलोग्राम रहेको थियो।

प्रहरीले ट्रयाक्टर चालक सिरहा नगरपालिका-१२ सारश्वर टोलका ३३ वर्षीय अनिलकुमार महतोलाई ट्रयाक्टर र बरामद पदार्थसहित नियन्त्रणमा लिएको छ।

पक्राउ परेका महतोलाई बरामद पदार्थ र ट्रयाक्टरसहित जिल्ला प्रहरी कार्यालय सिरहामा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

मधेश प्रदेशमा सहमतिको सरकार .....

प्राथमिकता रहन्छ कि सबै दलबाट विश्वासको मत लिएर सरकारलाई अगाडि बढाउने,' उनले भने, 'मधेशको काम पहिले स्लो चलिरहेको थियो। अब राम्रो गति दिएर काम गर्ने।'

भ्रष्टाचार नियन्त्रण गर्ने र सबै राजनीतिक दललाई समेटेर सरकार सञ्चालन गर्ने आफ्नो मुख्य प्राथमिकता रहेको उनको भनाइ छ।

उनले मन्त्रिपरिषद् विस्तार पनि राजनीतिक दलहरूसँगको छलफल पछि टुंगो लाग्ने उल्लेख गरे।

